नमस्कार कलम्बस सिटी स्कूल्स परिवार र कर्मचारीहरू,

बिहीबार, मार्च १० तारिक २०२२ मा रोग नियन्त्रण केन्द्र (सि डि सि) ले फ्र्याङ्कलिन काउन्टीको कोविड-१९ (COVID-19) सामुदायिक स्तर COVID-19 Community Level लाई हरियो तह (वा न्युन) मा परिवर्तन गर्यो। प्रतिक्रिया स्वरूप, एप्रिल १, २०२२ मा कलम्बस सिटी स्कूल्सका कक्षाकोठा र स्कूलका गतिविधिहरू पूर्व-महामारी जस्तै दिनचर्या र संरचनाहरूमा फर्किन सक्छन्। हामी हाम्रो आगन्तुक नीतिमा पनि पूर्व-कोविड-१९ मा फर्किनेछौं।

साथ साथै, विद्यालयहरूले सबै विद्यार्थी, अभिभावक र कर्मचारीहरूलाई बारम्बार हात धुन, दैनिक रुपमा लक्षणहरू जाँच गर्न र बिरामी भए घरमै बस्न प्रोत्साहन गर्न जारी राख्नेछ। कोविड-१९ कालागि हाम्रा प्रतिक्रियाले सो लक्षणहरू भएका विद्यार्थीहरूलाई चाँडै पहिचान गर्न र आवश्यक भए बिरामीहरूलाई घर पठाउनमा केन्द्रित हुनेछ। थप रूपमा, जिल्लाले सम्भावित सामुहिक अवस्था वा प्रकोपहरूको पहिचान गर्न हाम्रो साझेदार कलम्बस पब्लिक हेल्थसँग नजिकबाट काम गर्न जारी राख्नेछ।

यद्यपि जोखिम स्तरहरू कम भए तापनि हाम्रो समुदायमा कोविड-१९ अझै पनि यथावत छ र कर्मचारी र विद्यार्थीहरूलाई कोविड-१९ बिरूद्धका खोपहरू COVID-19 vaccines सँग अद्यावधित रहनुहोस् र उनीहरूमा लक्षणहरू देखिएमा get tested अनुसार परीक्षण गराउन हाम्रो सिफारिसलाई जारी राख्छौं। स्कूलमा र स्कूलका प्रायोजित गतिविधिहरूमा मास्कहरू लगाउन ऐच्छिक (इच्छा अनुसार) छ। विद्यार्थी र कर्मचारीहरूले कुनै पनि समयमा मास्क लगाउन रोज्नेहरूलाई सि सि एस (CCS) ले मास्क-मैत्री संस्कृतिलाई प्रोत्साहन गर्छ।

धन्यवाद,

सुपरिटेन्डेन्ट डा. तालिसा डिक्सन (Superintendent Dr. Talisa Dixon)
कलम्बस सिटी स्कूल्स (Columbus City Schools)